KHABARNAGARIK
www.khabarnagarik.com
E-paper
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो

KHABARNAGARIK
www.khabarnagarik.com
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक
२०८२ चैत्र ३ गते मंगलबार (Tuesday 17 Mar. 2026)
www.khabarnagarik.com

## १७ औं लियो कर्पोरेट क्रिकेट

# सेन्ट्रल फाइनान्सलाई पराजित गर्दै उपाधि गरिमालाई

**खबर नागरिक**
भैरहवा ।

भैरहवामा भएको १७ औं लियो कर्पोरेट क्रिकेटको उपाधि गरिमा विकास बैंकले जितेको छ । लियो क्लब अफ सिद्धार्थनगरको आयोजनामा भएको प्रतियोगितामा यस क्षेत्रका ८ कर्पोरेट टिमको सहभागितामा प्रतियोगिता भएको हो ।




मेगा केमिकलको मुख्य प्रायोजनमा सिद्धार्थ क्रिकेट रंगशालामा भएको कर्पोरेट सुपर सिक्स खेलमा सेन्ट्रल फाइनान्स लिमिटेडलाई २२ रनले पराजित गर्दै गरिमाले उपाधि जितेको हो । सिद्धार्थ क्रिकेट रंगशालामा भएको फाइनल खेलमा टस जितेर ब्याटिङ रोजेको गरिमाले निर्धारित ओभरमा ५७ रन बनाएको थियो । ५८ रनको लक्ष्य पाएको सेन्ट्रल फाइनान्सले ३६ रन मात्र बनाउन सक्यो ।

फाइनल खेलमा गरिमा विकास बैंकका सुजन बस्याल म्यान अफ द म्याच भए । प्रतियोगिता आईसीसी सुपर सिक्स टुर्नामेन्टको नियम अनुसार क्रिकेट एसोसिएसन अफ रुपन्देहीको प्रविधिक सहयोग र समन्वयमा लिग चरणमा भएको हो । पहिलो सेमिफाइनलमा हिमालयन बैंक र गरिमा बैक विच भएकोमा गरिमा विजयी भई फाइनलमा पुगेको थियो भने दोस्रो सेमिफाइनल खेल सेन्ट्रल र महालक्ष्मी विकास बैंक बिच भएकोमा सेन्ट्रल फाइनान्स विजयी भई गरिमा बैंक सँग फाइनल खेलेको क्लबका अध्यक्ष लियो विमल गौतमले बताए ।

विगत १७ वर्षदेखि हुदै आएको कर्पोरेट प्रतियोगिता यस क्षेत्रमा रहेको बैंक, कर्पोरेट हाउस र सामाजिक क्षेत्रमा क्रियाशील युवाबीचमा आपसी भाइचारा स्थापित गर्दै क्रिकेट प्रतिभाहरुलाई प्रस्फुटन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना हुदै आएको छ । प्रतियोगिताबाट संकलित रकम सामाजिक क्षेत्रमा खर्च गरिने क्लबका अध्यक्ष गौतमले बताए ।

प्रतियोगिताको विजेताले बीस हजार नगद, ट्रफी र प्रमाणपत्र उपविजेताले दश हजार नगद सहित ट्रफी, प्रमाणपत्र पाएको छ । त्यस्तै म्यान अफ द सिरिज सेन्ट्रल फाइनान्सका विष्णु कुमार यादव नगद रू पाच हजार ट्रफी सहित प्रमाण पत्र, अनुशासित टिमबाट महालक्ष्मी बैक, बेष्ट ड्रेस अवार्डबाट नबिल बैंक पुरस्कृत भएको थियो ।

त्यस्तै उत्कृष्ट बलर सेन्ट्रलका अरुण अधिकारी , उत्कृष्ट ब्याट्र महालक्ष्मीका शैलेश पाण्डे , उत्कृष्ट क्याच कर्ता र उत्कृष्ट फिल्डरको रुपमा हिमालयन बैंकका दिपेन्द्र अर्याल पुरस्कृत भए ।

**फोहोरमैला बर्गीकरण सम्बन्धि सूचना**

सिद्धार्थनगर नगरपालिकाको दिर्घकालिन फोहोरमैला व्यवस्थापनका लागी फोहोरमैला बर्गीकरण भएपश्चात मात्र फोहोर उठाउने कार्यक्रम रहेकोले सबै नगरबासीहरूले मिति २०८२ चैत्र १७ सम्म आफ्नो पसल, होटल, निजी घर, संघ/संस्था र विद्यालय लगायतबाट उत्पादन हुने फोहोरहरू देहाय बमोजिम बर्गीकरण गर्नुहुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ । फोहोर बर्गीकरण नगर्नेको फोहोर नउठाउने निर्णय भएको यहाँलाई अवगत गराइन्छ ।

**१. कुहिने जैविक फोहोर** : घरेलु फोहोरमैला ( खाना पकाउदा बाँकी रहेका अवशेष, भात, दाल, तरकारी तथा फलफुलका बोक्रा, सागसब्जी, पातिङ्गर, घास, चिया तथा कफिका अवशेष आदी कुहिने फोहोर) जस्ता सडिंगलि जाने प्रकृतिका घरायसी वस्तुहरु,

**२. नकुहिने (अजैविक) फोहोर**: प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्रि विद्युतिय समानहरुका अवशेष जस्ता सडिगली नजाने प्रकृतिका फोहोरहरु,

**३. नकुहिने (अजैविक) फोहोर** : सिसा, काँच, धातु, टिन लगायत सडिगली नजाने प्रकृतिका कवाडहरु

नोटः उल्लेखित प्रकृतिका फोहोरहरु बर्गीकरण नगरिएमा नगरपालिकाले फोहोरमैला नउठाउने र सोको व्यवस्थापन स्वंयम आफैले गर्नुपर्नेछ । फोहोरमैला जथाभावी सडक पेटी तथा सार्वजनिक स्थलमा फालेको पाइएमा कानुन बमोजिम न्यूनतम रु. ५ हजार देखि माथी फोहोरको प्रकृति अनुसार जरिवाना लाग्नेछ । मिति २०८२ चैत्र १८ गते देखि बर्गीकरण नभएको फोहोर संकलन नहुने हुँदा सबैले फोहोर बर्गीकरण गर्ने कार्यमा सहयोग गर्नुहुन अनुरोध गरिएको छ ।

**सिद्धार्थनगर नगरपालिका**
रूपन्देही